लालीगुराँस नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बसन्तपुर, तेह्रथुम

बोलपत्र सम्बन्धी कागजात

आर्थिक वर्षः २०८३/०८४

आय ठेक्का नं.: ०३-०८३/८४

ठेक्काको नामः बसन्तपुर मिनिमार्टको फ्लोर तथा सटर भाडा

प्रथम पटक प्रकाशित मितिः २०८३/०७/१४

दोस्रोपटक प्रकासित मितिः २०८३/०८/१०

बोलपत्र पेश गर्ने अन्तिम मितिः २०८३/०८/२४ गते १२:०० बजे

बोलपत्र खोल्ने मितिः २०८३/०८/२४ गते दिउँसो २:०० बजे

१. बोलपत्र आह्वान सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८३।०८।१०

यस नगरपालिकाको वडा नं. २, बस स्टेण्डमा रहेको मिनिमार्ट भवनको भुई तला बाहेक पहिलो र दोस्रो तलाका तोकिएका कोठा/सटरहरू प्रचलित कानुन बमोजिम आय ठेक्का मार्फत भाडामा लगाउनुपर्ने सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानुनी प्रक्रिया पुरा गरी इच्छुक फर्म/कम्पनी/संस्थाहरूले बोलपत्र खरिद गरी सूचना प्रकाशन भएको मितिले पन्ध्रौं (१५) दिनको अवधि मिति २०८३/०८/२४ गते १२:०० बजे भित्र यस कार्यालयमा Hard Copy मार्फत बोलपत्र पेश गर्नुहुन सूचना प्रकाशन गरिएको छ।

आय ठेक्का नं.	ठेक्काको शिर्षक	ठेक्काको विस्तृत विवरण		वार्षिक न्यूनतम कबोल रकम (मू.अ. कर सहित) रु.	बोलपत्र जमानत रकम (रू.)	बोलपत्र फाराम दस्तुर रु.
		तला तथा कोठाहरु	क्षेत्रफल (वर्ग मिटर)			
०३-०८३/८४	बसन्तपुर मिनिमार्ट को फ्लोर तथा सटर भाडा	पहिलो तला	१६७.६३	३५,५६,१४०.५१	१,००,०००.०० (एक लाख रुपैयाँ) वा ठेक्का खुल्ने मितिले १२० दिन म्याद भएको सो रकम बराबरको बैंक जमानत	३०००.००
		दोस्रो तला-कोठा १	१३.८८			
		दोस्रो तला-कोठा २	१३.८८			
		दोस्रो तला-कोठा ३	१३.८८			
		दोस्रो तला-कोठा ४	१३.८८			
		दोस्रो तला-कोठा ५	१५.७३			
		दोस्रो तला-कोठा ६	१५.९४			
		जम्मा	**२५४.८२**			

थप जानकारीका लागि यस नगर कार्यपालिकाको कार्यालयको वेबसाइट https://www.laliguransmun.gov.np मा हेर्न सकिने छ। साथै शर्त (TOR), ठेक्का अवधि र BOQ लगायतको विस्तृत विवरण बोलपत्र फाराम साथ संलग्न गरिएको छ। प्राविधिक कारणले नगरपालिकाको वेबसाइट बन्द रहेको अवस्थामा कार्यालयमा सम्पर्क गरी थप जानकारी तथा आवश्यक कागजात प्राप्त गर्न सकिनेछ।

बैंक सम्बन्धी विवरण

बैंकको नाम, ठेगानाः कुमारी बैंक लिमिटेड, बसन्तपुर शाखा ।

विवरण	बोलपत्र फाराम दस्तुरको लागि	बोलपत्र जमानत रकमको लागि
खाताको नाम	आन्तरिक राजश्व खाता	धरौटी खाता
खाता नम्बर	२५७०२४८७५३६००००३ (GA.१.१)	२५७०२४८७५३६००००९ (GA.३)

प्रि विड बैठक हुने मिति, समय र स्थानः मिति २०८३/०८/१८ बिहान ११:०० बजे लालीगुराँस नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बसन्तपुर तेह्रथुम ।

बोलपत्र खोल्ने मिति, समय र स्थानः मिति २०८३/८/२४ दिउँसो २:०० बजे लालीगुराँस नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बसन्तपुर तेह्रथुम ।

सम्पर्क नम्बरः ०२६४०२११९, ०२६४०२१२०

प्रमुख प्रशासकीय अधिकृत

२. भाडामा लगाइने क्षेत्रफल, तोकिएको व्यवसायीक प्रयोजन र न्यूनतम कबोल रकमः

क्र.सं.	तला / कोठा नं.	क्षेत्रफल	तोकिएको प्रयोजन
१	पहिलो तला (Floor)	१६७.६३	रैथाने अन्न, सागसब्जी, फलफूल, अर्गानिक खाद्यान्न बिक्री कक्ष
२	दोस्रो तला- कोठा नं १	१३.८८	सैलुन (Hair Salon)
३	दोस्रो तला- कोठा नं २	१३.८८	ब्यूटी पार्लर (Beauty Parlour)
४	दोस्रो तला- कोठा नं ३	१३.८८	लउन्ड्री सेवा (Laundry Service)
५	दोस्रो तला- कोठा नं ४	१३.८८	छालाको जुत्ता उत्पादन तथा बिक्री पसल
६	दोस्रो तला- कोठा नं ५	१५.७३	फलामका घरेलु तथा परम्परागत औजार बिक्री व्यवसाय
७	दोस्रो तला- कोठा नं ६	१५.९४	स्थानीय परिकार समावेश भएको खाजाघर/रेस्टुरेन्ट
	कुल क्षेत्रफल	**२५४.८२ वर्ग मिटर**	
वार्षिक न्यूनतम कबोल रकम (मू.अ. कर सहित) रु.		**३५,५६,१४०.५१ (पैतिस लाख छपन्न हजार एक सय चालिस रुपैयाँ एकाउन्न पैसा मात्र)**	

३. कार्यक्षेत्रगत सर्तहरू (Terms of Reference - TOR)

३.१ व्यवसाय सञ्चालन तथा सीमाः

१. **पहिलो तलाः** रैथाने अन्न, स्थानीय तरकारी, फलफूल तथा अर्गानिक खाद्यान्न बिक्री कक्षको रूपमा मात्र प्रयोग गर्नुपर्नेछ। स्थानीय कृषकहरूको उत्पादन संकलन र बिक्रीलाई विशेष प्राथमिकता दिनुपर्नेछ।

२. **दोस्रो तलाः** दोस्रो तलाका ६ वटा कोठा/सटरहरूमा देहायका व्यवसायहरू मात्र सञ्चालन गर्न पाइनेछः

- सैलुन (Hair Salon)
- ब्यूटी पार्लर (Beauty Parlour)
- लउन्ड्री सेवा (Laundry Service)
- छालाको जुत्ता उत्पादन तथा बिक्री पसल
- स्थानीय परिकार समावेश भएको खाजाघर/रेस्टुरेन्ट
- फलामका घरेलु तथा परम्परागत औजार बिक्री व्यवसाय

३.२ भाडावालाका मुख्य दायित्व र सर्तहरूः

१. **संरचनागत परिवर्तनः** भवनको मूल संरचना, पर्खाल, ढोका, विद्युत् तथा खानेपानीको मूल लाइनमा तोडफोड वा स्थायी थपघट गर्न पाइने छैन। व्यवसायका लागि आवश्यक अस्थायी संरचना निर्माण गर्दा नगरपालिका संग पूर्व स्वीकृति लिनुपर्नेछ।

२. **उपभोग्य महसुलः** विद्युत् (बिजुली), खानेपानी, फोहोर व्यवस्थापन तथा सञ्चार लगायतका सेवाको महसुल ठेक्का प्राप्तकर्ता स्वयंले बेहोर्नुपर्नेछ ।

३. **गुणस्तर र मूल्य नियन्त्रणः** पहिलो तलामा बिक्री गरिने कृषि उपजको खरिद मूल्य (स्थानीय कृषकबाट खरिद गर्ने प्रयोजनार्थ) नगरपालिकाले तोकेको परिधिभित्र रहनेछ। यसका लागि नगरपालिकाले जिल्ला दररेट तथा कृषि डायरीमा उल्लेखित मूल्यसूचीलाई आधारको रुपमा लिन सक्नेछ ।

४. **भाँडामा दिन सक्नेः** ठेक्का प्राप्तकर्ताले मुख्य बुँदा नं (२) मा तोकिएको व्यवसाय सञ्चालन गर्ने गरी अन्य व्यक्ति वा संस्थालाई आपसी समझदारीमा भाँडामा दिन सक्नेछ । सोको लागि यस बोलपत्र कागजातमा तोकिएका शर्तहरुको अनिवार्य पालना हुनुपर्नेछ अन्यथा ठेक्का प्राप्तकर्ता स्वयं जिम्मेवार हुनेछ ।

५. **मर्मत सम्भार तथा जडानः** आधारभुत आवश्यकता जस्तै विजुली वाईरिङ, विद्युतीय उपकरणको जडान तथा मर्मत सम्भार, धारा तथा शौचालयको व्यवस्थापन, अस्थायी पार्टिसन (Partitions), सामान्य सजावटका सामग्री एवम् दैनिक प्रशासनिक आवश्यकताका सामाग्री व्यवस्थापन ठेक्का प्राप्तकर्ताले स्वयं गर्नुपर्नेछ । यसो गर्दा माथि उल्लेखित (१) नं बुँदालाई प्रतिकुल नहुने गरि गर्नुपर्नेछ ।

६. **अनुगमनः** नगर कार्यपालिकाको कार्यालयले जुनसुकै समयमा पनि स्थलगत अनुगमन र निरीक्षण गर्न सक्नेछ।

७. **नियमको पालनाः** यस बोलपत्र सम्बन्धी कागजातको मुल बुँदा नं (२) र बुँदा नं (३) मा तोकिएको व्यवसायिक प्रयोजन र व्यवसाय सञ्चालनको सिमामा तोकिएका शर्तहरु अनिवार्य रुपमा पालना गर्नुपर्नेछ । यस कागजातमा उल्लेख नभएका बिषयहरु प्रचलित कानुनको अधिनमा रहि ठेक्का प्राप्तकर्ता र नगर कार्यपालिकाको कार्यालयको आपसी समझदारी बमोजिम हुनेछ । ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन। विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकम सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

३.३ ठेक्काको अवधि सम्बन्धी व्यवस्थाः

ठेक्काको अवधी सम्झौता भएको मितिले **पाँच (५)** वर्ष सम्मको हुनेछ । अवधी समाप्ती पश्चात नगर कार्यपालिकाको निर्णयानुसार आपसि समझदारीमा ठेक्का नविकरण वा म्याद थप गर्न सकिनेछ ।

४. बोलपत्रदाताका लागि निर्देशन तथा योग्यता (Instructions to Bidders)

४.१ आवश्यक कागजातहरू (Checklist):

बोलपत्र पेश गर्दा देहायका कागजातहरूको प्रतिलिपि समावेश गरी पाना-पानामा सहीछाप तथा छाप लगाउनुपर्नेछः

सि.नं.	आवश्यक कागजात/विवरण	कैफियत
१	फर्म/कम्पनी/संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि	अनिवार्य
२	नवीकरण अद्यावधिक रहेको प्रमाण	अनिवार्य
३	स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र	अनिवार्य
४	पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र (Tax Clearance Certificate) वा Extension Certificate	अनिवार्य
५	रु. ३,०००/- बोलपत्र फाराम दस्तुर जम्मा गरेको बैंकको सक्कल भौचर वा नगरपालिकाको कार्यालयको राजस्व उपशाखावाट जारी सो रकम जम्मा गरेको रसिद	अनिवार्य
६	रु. १,००,०००/- बोलपत्र जमानतको सक्कल बैंक भौचर वा १२० दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट "क" बर्गको ईजाजतप्राप्त कमर्सियल बैंक वाट जारी भएको बैंक जमानत (Bid Bond)	अनिवार्य
७	अधिकारप्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि तथा अख्तियारनामा/ संस्थाको हकमा सञ्चालक समितिको निर्णय (आवश्यक भए)	अनिवार्य
८	कालोसूचीमा नपरेको र अयोग्य नरहेको स्वघोषणा पत्र	अनिवार्य
९	पूर्ण रूपमा भरिएको र सहीछाप गरिएको **बोलपत्र फाराम तथा कबोल रकम विवरण (अनुसूची १ को फाराम)**	अनिवार्य

४.२ बोलपत्र पेश गर्ने प्रकृया तथा अन्य जानकारीः

१. यो सूचना प्रथम पटक प्रकाशन भएको मिति र सो मितिले २१ औँ दिन अर्थात मिति २०८३/०८/०४ गते दिउँसो १२:०० बजे बोलपत्र फाराम खरिद गरी बुँदा नं (४.१)

बमोजिमका आवश्यक कागजात संलग्न भएको सिलबन्दी बोलपत्र यस लालीगुराँस नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा हुन गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

३. खरिद गरेको बोलपत्र फारामहरूमा उल्लेख भएका सबै विवरणहरू भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी फर्मको नाम, ठेगाना, बोलपत्र विवरण, प्रोप्राइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं., इमेल ठेगाना समेत स्पष्ट खुलाई फर्मको छाप लगाई तोकिएको म्यादभित्र दर्ता गर्नुपर्नेछ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन।

५. रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरू पेश गर्ने अन्तिम दिनको २:०० बजेदेखि बोलपत्र पेश गर्ने फर्म/संस्था वा निजको प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६. म्याद नाघी, रीत नपुगी वा शर्त नपुगी पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. बोलपत्र पुस्तिका राम्रोसँग अध्ययन गरी सम्बन्धित ठेक्काको विषयमा आवश्यक स्थलगत अध्ययन गर्ने कार्य बोलपत्रदाता स्वयंले गर्नुपर्नेछ।

८. बोलपत्र स्वीकृत भएमा सोको सूचना प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र **ठेक्का सम्झौता गर्न आउँदा** ठेक्का प्राप्तकर्ताले कबोल गरेको वार्षिक अंक (मू.अ. करसहित) को प्रथम किस्ताबापत २५ (पच्चीस) प्रतिशत रकम अनिवार्य रूपमा बुझाउनुपर्नेछ।

९. बाँकी ७५ (पचहत्तर) प्रतिशत रकम दोस्रो, तेस्रो तथा चौथो नगर कार्यपालिकाले तोकेको किस्ता बमोजिम बुझाउनुपर्नेछ। उक्त बाँकी रकमको सुरक्षणबापत नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा सम्झौता भएको मितिले कम्तीमा १३ (तेह्र) महिना म्याद भएको कार्यसम्पादन बैंक जमानत (Performance Guarantee) समेत पेश गर्नुपर्नेछ।

१०. ठेक्का प्राप्तकर्ताले कबोल गरेको वार्षिक रकम एकमुष्ट अग्रिम रूपमा बुझाएमा कबोल रकममा १० (दश) प्रतिशत छुट प्रदान गर्न सकिनेछ। तर, प्रचलित कानुनबमोजिम लाग्ने मूल्य अभिवृद्धि कर (मू.अ. कर) मा भने कुनै छुट प्रदान गरिने छैन। साथै, दोस्रो वर्षदेखि समेत माथि उल्लेखित किस्ता भुक्तानी, बैंक जमानत तथा छुटसम्बन्धी प्रक्रिया सोहीबमोजिम लागू हुनेछ।

११. प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले १७ औं दिन मिति २०८३/०७/३० गते सोमबार दिनको १२.०० बजे लालीगुराँस नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत

जानकारी हाँसिल गर्न सक्नु हुनेछ। उक्त दिन बिदा परेमा उक्त बैठक सो को भोलिपल्ट कार्यालय खुल्ने दिन सोही समयमा हुनेछ ।

४.३ बोलपत्र मूल्याङ्कन तथा स्वीकृति प्रक्रियाः

- **प्रारम्भिक परीक्षणः** बुँदा नं (४.१) बमोजिमका आवश्यक कागजात, बोलपत्र फाराम दस्तुर तथा बोलपत्र जमानत रकम दाखिला भए/नभएको परीक्षण गरिनेछ।
- **योग्यता सर्तः** वार्षिक न्यूनतम कबोल रकम रु. ३५,५६,१४०.५१ (मू.अ.कर सहित) भन्दा कम प्रस्ताव गरिएको बोलपत्र स्वतः रद्द हुनेछ।
- **छनोटको आधारः** सारभूत रूपमा प्रभावग्राही (Substantially Responsive) बोलपत्रदाताहरूमध्ये सबैभन्दा बढी (उच्चतम) बार्षिक कबोल रकम प्रस्ताव गर्ने बोलपत्रदातालाई ठेक्का स्वीकृतिको लागि छनोट गरिनेछ।

अनुशुची १

(बुँदा नं ४.१ को ९ संग सम्बन्धित)

बोलपत्र फाराम तथा कबोल रकम विवरण

मितिः२०८३/...../.....

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
लालीगुराँस नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
बसन्तपुर, तेह्रथुम।

विषयः बोलपत्र फाराम पेश गरिएको सम्बन्धमा।

महोदय,

तहाँ कार्यालयबाट **मिति २०८३।०८।१०** मा दोस्रो पटक प्रकाशित **आय ठेक्का नं. ०३-०८३/०८४, बसन्तपुर मिनिमार्टको फ्लोर तथा सटर भाडा ठेक्का** शिर्षकको बोलपत्र आह्वान सम्बन्धी सूचना तथा बोलपत्र फाराममा उल्लेखित सर्तहरू स्वीकार गरी लालीगुराँस नगरपालिका वडा नं. २, बसन्तपुर स्थित बस स्टेण्डमा रहेको मिनिमार्ट भवनको भुइँ तला बाहेक पहिलो तथा दोस्रो तलाका **कुल क्षेत्रफल २५४.८२ वर्ग मिटर** भएको तोकिएका कोठा/सटरहरू प्रचलित कानुनबमोजिम भाडामा लिने कार्यका लागि तपसिल बमोजिमको रकम कबोल गरी यो बोलपत्र पेश गरेको छु।

यस बोलपत्र बापत मैले वार्षिक रूपमा बुझाउन मञ्जुर गरेको रकम देहायबमोजिम रहेको छ।

कबोल रकम (मू.अ. कर सहित)ः

अंकमाः रु. .....

अक्षरमाः.....रुपैयाँ मात्र।

माथि उल्लेखित विवरण तथा बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएका सम्पूर्ण सर्तहरू अध्ययन गरी सोको पालना गर्न मञ्जुर भई यो बोलपत्र पेश गरेको छु । मेरो बोलपत्र स्वीकृत भएमा प्रचलित कानुन, बोलपत्र सम्बन्धी सर्त, अवधी तथा सम्झौतामा उल्लेख भएबमोजिम ठेक्का सञ्चालन गर्ने र तोकिएको रकम तथा अन्य दायित्वहरू समयमै बुझाउने प्रतिबद्धता व्यक्त गर्दछु।

बोलपत्रदाताको विवरण

१. आधिकारिक व्यक्तिको नामः .....
२. फर्म/कम्पनी/संस्थाको नामः .....
३. स्थायी ठेगानाः .....
४. सम्पर्क नम्बरः .....
५. इमेल ठेगानाः .....
६. पान नं. (PAN): .....
७. दस्तखतः .....
८. फर्म/कम्पनी/संस्थाको छापः